# राप्ती सोनारी गाउँपालिकाको आर्थिक ऐन २०७४/०७५

## राप्ती सोनारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रश्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रश्तावनाः**

राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रश्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले ,

नेपालको संविधान २०७२ को धारा २८८ उपधारा (२) बमोजिम राप्ती सोनारी गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन २०७४" रहेको छ।

२. घरजग्गा कर : गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर(मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

४. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुजीँगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ।

५. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारीसाधन कर लगाईने र असुल गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

६. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूची (५) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७ .बहाल बिटौरी करः गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण,रेखदेख वा संचालन गरेका अनुसूची (६) मा उल्लेख भए बमोजिम हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ।

८. प्राकृतिक स्रोत उपयोग कर : गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधनको उपयोग गरे वापत व्यक्ति र समूहहरुलाई अनुसूची (७) अनुसार कर राजस्व असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. सेवा शुल्क ,दस्तुरः गाउँपालिका र मातहत वडा कार्यालयले निर्माण ,संचालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०.दण्ड जरिवाना : गाउँपालिका क्षेत्रभित्र सेवाग्राहीहरुलाई उपलब्ध गराईने सेवामा अनुसूची (९) अनुसार दण्ड जरिवाना लगाईने र असुल उपर गरिनेछ ।

११.कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची १

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रश्तावित | कैफियत |
|---|---|---|---|---|
| घरजग्गा कर | पक्की | १५० | १५० | |
| | अर्धपक्की | १०० | १०० | |
| | कच्ची | ५० | ५० | |

## अनुसूची २

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रश्तावित | कैफियत |
|---|---|---|---|---|
| मालपोत वा भूमि कर | प्रति कठ्ठा राजमार्गले छोएको | १०० | १०० | मालपोतमा प्रति कठ्ठा सेवा शुल्क रु ५ कायम गरिएको |
| | ०- १० कठ्ठा सम्म | ५ | ५ | |
| | १० कठ्ठा देखि डेढ बिगाहासम्म | ८ | ८ | |
| | डेढ बिगाहा देखि माथी | १० | १० | |

## अनुसूची ३

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रश्तावित) | कैफियत |
|---|---|---|---|---|
| व्यवसाय कर | साधारण पसल( ग श्रेणी) | १०० | १०० | |
| | ठूला उद्योग,मिलहरु(क श्रेणी) | ५००० | ५००० | |
| | साना उद्योग मिल, होटल, मेडिकल, पसल (ख श्रेणी) | १५०० | १५०० | |
| | पम्पहरु | १०००० | ५००० | |
| | क्रसर उद्योग | ५००० | १०००० | |

## अनुसूची ४

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रश्तावित) | कैफियत |
|---|---|---|---|---|
| सवारी साधन कर | रिक्सा | २०० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| | मोटरसाईकल | २०० | २०० | |
| | ट्र्याक्टर | ७०० | ७०० | |
| | बस,ट्रक | ५००० | ५००० | |

## अनुसूची ५

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रशतावित) | कैफियत |
|---|---|---|---|---|
| विज्ञापन कर | सानो बोर्ड | | ३०० | |
| | मध्यम बोर्ड | | ७०० | |
| | ठुलो बोर्ड | | १००० | |

## अनुसूची ६

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रशतावित) | कैफियत |
|---|---|---|---|---|
| बहाल बिटौरी कर | होटल रेस्टुरेन्ट खुदा पसल लगायत | | प्रति वर्गफिट रु २०( बीस) का दरले | |
| | हाटबजार | | प्रति वर्गफिट रु १०( दश) का दरले | |

## अनुसूची ७

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रशतावित) | कैफियत |
|---|---|---|---|---|
| प्राकृतिक स्रोत उपयोग कर | प्रति तथा सार्वजनिक जग्गाको माटो बिक्री | | प्रति टन रु १०० | |
| | पर्यटकीय स्थल (पिकनिक स्पट) | | प्रति समूह रु १५० | |

## अनुसूची ८ (वडा कार्यालयबाट असुल गरिने)

| प्रकार | | आ. व २०७३/०७४ (दर रु) | आ.व २०७४/०७५ ( प्रश्तावित) | कैफियत |
|---|---|---|---|---|
| सिफारिस दस्तुर | साधारण | ११० | ११० | |
| घरबाटो विवरण | राजमार्गले छोएको | ५०० | ५०० | |
| | भित्री बाटोले छोएको | २५० | ३०० | |
| | बाटाले नछोएको | २०० | २०० | |
| | जग्गा नामसारी | ५०० | ५०० | |
| | नक्सा प्रमाणित प्रति कोठा | ५०० | ५०० | |
| | घरजग्गा मूल्यांकन | ०.५० | ०.५० | |
| चारकिल्ला प्रमाणित | राजमार्गले छोएको | २५० | ३५० | |
| | भित्री बाटोले छोएको | ३०० | ३०० | |
| | बाटोले नछोएको | १०० | १०० | |
| नाता प्रमाणित | | ३०० | ३०० | |
| नागरिकताको सिफरिस | | १०० | १०० | |
| बिद्युत मिटर सिफारिस | | १०० | १०० | |
| सर्जमिन दस्तुर | | ३०० | ३०० | |
| घरेलु तथा साना उद्योग सिफारिस | | १५०० | १५०० | |
| सम्पत्ति मूल्याकंन | | ०.५० | ०.५० | |
| घरसारको सिफारिस | | १०० | १०० | |
| फिल्ड बुक उतार नक्सा माग | | २०० | २०० | |
| हलभाडा (वडा कार्यालय सभाहल) | | १००० | १००० | |
| शैक्षिक संस्था दर्ता नवीकरण सिफारिस | | ७०० | १००० | |
| आवादीका रुख सिफरिस | सालको रुख | २५० प्रति रुख | १००० प्रति रुख | |
| | खयरको रुख | ३५० प्रति रुख | ७०० प्रति रुख | |
| | सिमलकोरुख | ५०० प्रति रुख | ४"गोलाई भन्दा माथी रु५००<br>४"गोलाई भन्दा कम रु ३०० | |
| | सिसौको रुख | ५०० प्रति रुख | | |
| | आँपकोरुख | १०० प्रति रुख | २०० प्रति रुख | |
| | अन्य | ५० प्रति रुख | १०० प्रति रुख | |

(गाउँपालिकाबाट असुल गरिने दस्तुर )

| प्रकार | | आ.व २०७४/०७५ ( प्रश्तावित) | कैफियत |
|---|---|---|---|
| सिफारिस | सामान्य सिफारिस(विविध) | २५५ | |
| | गैर सरकारी संघ संस्था, सहकारी संस्था दर्ता र नवीकरण | ७०० | |
| | धार्मिक मठ, मन्दिर तथा गुठी संस्थाहरुको लागी सिफारिस | २५५ | |
| गा.पाको सभा हल भाडा | जिल्ला भित्रका गैर सरकारी संस्था | २००० | |
| | जिल्ला बाहिरका गैर सरकारी संस्था | ३००० | |
| | जिल्लास्थित सरकारी संस्था | १५०० | |
| गा.पाको बैठक कक्ष भाडा | गैसस संघ संस्था कार्यालय (बढीमा ४० जना) | १००० | |
| | शैक्षिक कार्यक्रम स्तरोन्नति सिफारिस | ५००० | |
| | व्यक्तिगत घटना दर्ता सिफारिस प्रमाणीकरण दस्तुर | १०० | |

## अनुसूची ९

| प्रकार | | आ. व २०७३/०७४ ( दर रु) | आ.व २०७४/०७५ ( प्रश्तावित) | कैफियत |
|---|---|---|---|---|
| घटनादर्ता जरिवाना | | ५० | ५० | |